# Medicare, Australia को स्वास्थ्य सेवा प्रणाली हो

Medicare ले केही स्वास्थ्य सेवाहरूको लागत ब्यहोर्न मद्दत गर्छ।

## Medicare ले कसरी काम गर्छ

तपाईंलाई वा तपाईंले हेरचाह गर्ने व्यक्तिले स्वास्थ्य सेवाहरू प्रयोग गर्दा वा औषधिहरू खरिद गर्दा मद्दत गर्न हामी तपाईंलाई भुक्तानी र सेवाहरू प्रदान गर्दछौं।

यदि तपाईं योग्य हुनुहुन्छ भने, Medicare ले निम्न कुराहरुमा मद्दत गर्दछ:

- डाक्टरहरू, विशेषज्ञहरू, आँखा विशेषज्ञहरू, र केही अवस्थामा दन्त चिकित्सकहरू र अन्य स्वीकृत स्वास्थ्य पेशेवरहरूद्वारा निःशुल्क वा सस्तो उपचार
- कम लागतका औषधि
- सरकारी अस्पतालमा नि:शुल्क उपचार र आवास।

## Medicare मा कसरी दर्ता गर्ने

तपाईंले Medicare मा दर्ता गर्न कि चांहि:

- तपाईंको myGov को खाताद्वारा अनलाइनबाट
- Medicare दर्ता फारम भरेर।

तपाईंले दर्ता गरे बापत हामी तपाईंलाई Medicare Safety Nets मा दर्ता गरि दिने छौं। यदि तपाईंलाई आवश्यक छ भने दम्पति वा परिवारको रूपमा दर्ता हुन सक्नुहुन्छ।

Medicare Safety Nets को बारेमा अंग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/safetynet** मा हेर्नुहोस्।

### अनलाइन दर्ता

तपाईंले Medicare मा आफु व्यक्तिगत वा परिवारको रूपमा myGov द्वारा अनलाइन दर्ता हुन सक्नुहुन्छ।

तपाईं र तपाईंको परिवारका सदस्यहरूलाई अनलाइन दर्ता गर्न:

- Australia बसोबास गर्दै गरेको हुनुपर्छ
- हालको राहदानी वा ImmiCard हुनुपर्छ
- यदि तपाईं अष्ट्रेलियाली नागरिक हुनुहुन्न भने Department of Home Affairs बाट लिएको वैध भिसा विवरण हुनुपर्छ।

यदि तपाईंले आफ्नो myGov को खाता प्रयोग गरेर Medicare मा दर्ता गर्नु भयो भने, तपाईंले आफ्नो आवेदनको प्रगति पैल्याउन सक्नुहुन्छ।

हामी तपाईंलाई तपाईंको बैंक खाता विवरण हाल्न अनुरोध गर्नेछौं ताकि हामीले तपाईंलाई Medicare को भुक्तानी दिन सक्ने छौं। आफ्नो बैंकिङ विवरण तयार राख्नुहोस्।

तपाईंको परिस्थितिको आधारमा हामीलाई प्रमाणित गराउने कागजातहरू दिन आवश्यक पर्ने छ। तपाईंले आफ्ना कागजातहरू अनुवाद गर्न आवश्यक पर्न सक्छ। यदि तिनीहरू अङ्ग्रेजीमा छैनन् भने हामी तिनीहरूलाई निःशुल्क अनुवाद गरि दिन सक्छौं।

तपाईंलाई आवश्यक पर्ने कागजातहरूका बारेमा अंग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/enrolling-medicare** मा हेर्नुहोस्

यदि तपाईं परिवारको रूपमा दर्ता हुन चाहनुहुन्छ भने, तपाईंले हामीलाई 15 वर्ष भन्दा कम उमेरका कुनै पनि बच्चाहरूको विवरण र परिचय कागजातहरू दिन आवश्यक पर्छ।

यदि तपाईं 15 वा त्यो भन्दा बढी उमेरको व्यक्तिलाई समावेश गर्न चाहनुहुन्छ भने, तपाईंले त्यो व्यक्तिलाई आफ्नो myGov अनलाइन आवेदन नम्बर दिन आवश्यक छ।

उनीहरूले आफुलाई Medicare मा दर्ता गर्ने काम पूरा गर्न आफ्नो विवरण र परिचय कागजातहरू हामीलाई दिन उनीहरुलाई त्यो नम्बर चाहिन्छ। यो गर्नका लागि उनीहरूको आफ्नै myGov खाता हुनु पर्छ।

तपाईंले आफ्नो अनलाइन आवेदनमा ८ जना सम्म अरु व्यक्तिहरू दर्ता गर्न सक्नुहुनेछ। यदि तपाईंले धेरै जना दर्ता गर्नु पर्ने छ भने, तपाईंले Medicare दर्ता फारम प्रयोग गर्नु पर्ने छ, त्यसका लागि **servicesaustralia.gov.au/ms004** मा हेर्नुहोस्।

## फारमद्वारा दर्ता गर्ने

तपाईंले Medicare दर्ता फारम भर्नु पर्छ, **servicesaustralia.gov.au/ms004** मा हेर्नुहोस्।

तपाईंले भरी सकेको फारम आवस्यक कागजातहरू सहित हुलाकबाट वा इमेल गरि **MES@servicesaustralia.gov.au** मा पठाउन सक्नुहुन्छ। यदि तपाईंले हामीलाई इमेल गर्नुभयो भने, त्यो इमेलको विषय लाइनमा 'Medicare enrolment' भनी लेख्नु होला।

तपाईंले हामीलाई तपाईंको परिस्थितिको आधारमा आवस्यक कागजातहरू दिनु पर्ने हुन्छ। तपाईंले आफ्ना कागजातहरू अनुवाद गर्न आवश्यक हुन सक्छ। यदि तिनीहरू अङ्ग्रेजीमा छैनन् भने हामी तिनीहरूलाई निःशुल्क अनुवाद गरि दिन सक्छौं।

तपाईंलाई आवश्यक पर्ने कागजातहरूको बारेमा अंग्रेजीमा थप जानकारीको लागि, **servicesaustralia.gov.au/enrolling-medicare** मा हेर्नुहोस्।

# Medicare कार्ड

तपाईंले नामांकन गर्दा मेलमा Medicare कार्ड प्राप्त गर्नुहुनेछ। तपाईंले हामीलाई दिनुभएको ठेगानामा हामी कार्ड पठाउनेछौं। तपाईंले आफ्नो Medicare कार्डको डिजिटल प्रतिलिपि पनि प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले यसलाई पहुँच गर्न Express Plus Medicare mobile app मा साइन इन गर्नुपर्नेछ।

Express Plus Medicare mobile app को बारेमा अङ्ग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/expressplusmedicare** मा हेर्नुहोस्।

एपहरू प्रयोग गर्नको लागि, तपाइँलाई तपाइँको Medicare अनलाइन खातासँग जोडिएको myGov खाता चाहिन्छ। यदि तपाईंसँग यी छैन भने, तिनीहरूको सिर्जना गर्नुहोस् र त्यसपछि एपहरू डाउनलोड गर्नुहोस्।

निम्न कुराहरुको लागी तपाईलाई वैध Medicare कार्ड चाहिन्छ:

- Medicare लाभहरू दाबी गर्न
- bulk bills (बल्क बिल) गर्ने डाक्टरलाई भेट्न
- सार्वजनिक अस्पतालमा सार्वजनिक बिरामीको रूपमा उपचार गर्न
- केही औषधि सस्तो मूल्यमा पाउन।

यदि तपाईं सार्वजनिक वा निजी अस्पतालमा उपचार गरिरहनुभएको निजी बिरामी हुनुहुन्छ भने पनि तपाईंको Medicare कार्डले मद्दत गर्न सक्छ।

हामी एक परिवारलाई अधिकतम 2 वटा कार्डहरू जारी गर्न सक्छौं। यदि तपाइँ 15 बर्ष वा माथिको हुनुहुन्छ भने,

तपाइँले आफ्नै Medicare कार्ड प्राप्त गर्न सक्नुहुन्छ।

यदि तपाईंको Medicare कार्ड हराएको वा चोरी भएको छ भने, तपाईं आफ्नो Medicare अनलाइन खाता वा Express Plus Medicare mobile app प्रयोग गरेर नयाँ कार्ड प्राप्त गर्न सक्नुहुनेछ।

अंग्रेजीमा थप जानकारीको लागि, **servicesaustralia.gov.au/medicarecard** मा हेर्नुहोस्।

## आफ्नो बैंक खाता विवरणहरू दर्ता गर्नुहोस्

हामीलाई तपाईंको बैंक खाता विवरणहरू हामीसँग हुन आवश्यक छ ताकि हामी तपाईंका Medicare लाभहरू तपाईंलाई सिधै भुक्तानी गर्न सक्छौं। यदि हामीसँग तपाईंको मनोनित बैंक खाता विवरणहरू छैनन् भने, तपाईंले हामीलाई नभनेसम्म हामी तपाईंको लाभ रोकेर राख्नेछौं।

तपाईं आफ्नो बैंक खाता विवरणहरूनिम्न अनुसार दर्ता गर्न सक्नुहुन्छ:

- myGov मार्फत तपाईंको Medicare अनलाइन खाता बाट
- Express Plus Medicare mobile app बाट।

तपाईंलाई निम्न कुराहरु आवश्यक छ:

- तपाईंले दर्ता गर्दाको तपाईंको Medicare कार्ड र बैंक खाता विवरणहरू (बीएसबी, खाता नम्बर र खातावालाको नाम)
- यदि तपाईंको विवरणहरू परिवर्तन भएमा हामीलाई जानकारी दिनुहोस्।

अंग्रेजीमा थप जानकारीको लागि, **servicesaustralia.gov.au/medicareservices** मा हेर्नुहोस्।

## दाबी गर्न

तपाईंले आफ्नो Medicare कार्डमा सूचीबद्ध सबैको स्वास्थ्य सेवाको लागि दाबी गर्न सक्नुहुन्छ।

तपाईंको डाक्टरको कार्यालयका कर्मचारीहरूले तपाईंको तर्फबाट दावी पेश गर्न सक्दछन् यदि उनीहरूले बिद्‌धुत्तिय दाबी सेवा प्रदान गर्छन् भने। यदि तपाईंको डाक्टरको कार्यालयले तपाईंको तर्फबाट दाबी पेश गर्न सक्दैन भने, तपाईंले निम्न तरिकाले दाबी पेश गर्न सक्नुहुन्छ:

- myGov मार्फत तपाईंको Medicare अनलाइन खाता प्रयोग गरेर
- Express Plus Medicare mobile app प्रयोग गरेर
- व्यक्तिगत रूपमा सेवा केन्द्रमा गएर
- Medicare Claim form (MS014) भरेर हुलाकद्वारा।

यदि तपाईंले अरु कसैको सेवाको लागि भुक्तानी गर्नुभएको छ भने तपाईंले अर्को Medicare कार्डमा अरुको लागि पनि दाबी गर्न सक्नुहुन्छ। यो तपाईंले अनलाइन गर्न सक्नुहुन्न।

दाबी गर्ने विकल्पहरू बारे अङ्ग्रेजीमा थप जान्नको लागि, **servicesaustralia.gov.au/medicareclaiming** हेर्नुहोस्।

## Reciprocal Health Care Agreements (पारस्परिक स्वास्थ्य हेरचाह सम्झौताहरू)

तपाईं विदेश जाँदा Medicare ले उपचार लागत ब्यहोर्दैन। यद्यपि, अष्ट्रेलियाली सरकारले ती देशहरूको भ्रमण गर्दा अष्ट्रेलियालीहरूलाई आवश्यक चिकित्सा उपचारको लागत ब्यहोर्न केही देशहरूसँग Reciprocal Health Care Agreements (RHCA) (पारस्परिक स्वास्थ्य सेवा सम्झौता) मा हस्ताक्षर गरेको छ।

ती देशका आगन्तुकहरूले पनि Australia मा हुँदा केही स्वास्थ्य सेवा र सस्तो औषधिहरू प्राप्त गर्न सक्छन्।

RHCA बारे अंग्रेजीमा थप जान्नको लागि, **servicesaustralia.gov.au/rhca** हेर्नुहोस्

## Medicare सेल्फ सर्भीस (स्वयं सेवा)

हामीसँग कुनै पनि समय र जहाँ पनि कारोबार गर्न सजिलो छ। हामीलाई फोन नगरी वा भ्रमण नगरी तपाईले धैरैजसो कुराहरू छिटो र सजिलै गर्न सक्नुहुन्छ।

मेडिकेयर दाबी गर्न, आफ्नो व्यक्तिगत र बैंक विवरणहरू अद्यावधिक गर्न वा Medicare कार्ड प्रतिस्थापन अनुरोध गर्न आफ्नो Medicare अनलाइन खाता र Express Plus Medicare mobile app प्रयोग गर्नुहोस। तपाइँ खोप बिबरण र अन्य धैरै कुराहरु पनि हेर्न सक्नुहुन्छ।

## Medicare अनलाइन खाता

तपाईंले myGov मार्फत Medicare अनलाइन खाताको लागि दर्ता गर्न सक्नुहुन्छ। यो तपाईंलाई जहिले र जहाँ पनी उपयुक्त हुने गरी Medicare सँग कारोबार गर्नको लागि सुरक्षित तरिका हो।

कसरी दर्ता गर्ने भनेर अङ्ग्रेजीमा जान्नको लागि, **servicesaustralia.gov.au/medicareonline** हेर्नुहोस्।

## Express Plus Medicare mobile app

तपाईंले Express Plus Medicare mobile app प्रयोग गरेर पनि धैरै कुराहरू गर्न सक्नुहुन्छ। एकपटक तपाइँसँग Medicare अनलाइन खाता भएपछि, तपाइँ App Store, Google Play वा Windows Store बाट एप डाउनलोड गर्न सक्नुहुन्छ।

एपको बारेमा अंग्रेजीमा थप जान्नको लागि, **servicesaustralia.gov.au/expressplus** हेर्नुहोस्।

## थप जानकारीको लागि

- अंग्रेजीमा थप जानकारीको लागि **servicesaustralia.gov.au/medicareservices** हेर्नुहोस्
- **servicesaustralia.gov.au/yourlanguage** मा जानुहोला जहाँ तपाईले आफ्नो भाषामा जानकारीहरु पढ्न, सुन्न तथा हेर्न सक्नुहुनेछ
- हामीसँग तपाईंको भाषामा Centrelink भुक्तान र सेवाहरूको बारेमा कुरा गर्न **131 202** मा फोन गर्नुहोस्
- Medicare को लागि **132 011** र Child Support को लागि **131 272** मा फोन गर्नुहोस्। यदि तपाईलाई दोभाषे चाहिन्छ भने हामीलाई थाहा दिनुहोस्, र हामी एउटा नि:शुल्क व्यवस्था गर्नेछौं
- सेवा केन्द्रमा जानुहोस्।

टिप्पणी: Australia को जुनसुकै ठाउँबाट तपाईंको घरको फोनबाट '13' नम्बरहरूमा फोन गर्दा निश्चित दरमा शुल्क लाग्नेछ। त्यो दर एक स्थानीय फोनको मूल्य भन्दा फरक हुन सक्छ र टेलिफोन सेवा प्रदायकहरू बीच पनि भिन्न हुन सक्दछ। तपाईंको घरको फोनबाट '1800' नम्बरहरूमा फोनहरू निःशुल्क छन्। सार्वजनिक र मोबाइल फोनबाट फोन गर्दा लागेको समयको लागि उच्च दरमा शुल्क लाग्न सक्दछ।

## अस्वीकरण

यस प्रकाशनमा समावेश जानकारी भुक्तानी र सेवाहरूको लागि गाईडको रूपमा मात्र हो। यदि तपाईं भुक्तानीको लागि आवेदन दिन चाहानुहुन्छ र तपाईंको विशेष परिस्थितिहरूको सन्दर्भमा आवेदन दिन चाहनुहुन्छ भने यो निर्णय गर्ने तपाईंको जिम्मेवारी हो।

# Medicare is Australia’s health care system

Medicare helps cover the cost of some health care services.

## How Medicare works

We provide payments and services that can help when you or someone you care for use health care services or buy medicines.

If you are eligible, Medicare helps with:

- free or cheaper treatment by doctors, specialists, optometrists, and in some cases dentists and other approved health professionals
- low cost medicine
- free treatment and accommodation in a public hospital.

## How to enrol in Medicare

You can enrol in Medicare either:

- online through your myGov account
- by completing a Medicare enrolment form.

We will register you as an individual for the Medicare Safety Nets as part of your enrolment. You can register as a couple or family if you need.

For more information in English about Medicare Safety Nets, go to **servicesaustralia.gov.au/safetynet**

### Enrolling online

You can enrol online in Medicare as either an individual or a family through myGov.

To enrol online you and your family members need to:

- live in Australia
- have a current passport or ImmiCard
- have valid visa details from the Department of Home Affairs if you’re not an Australian citizen.

If you enrol in Medicare using your myGov account, you can track the progress of your application.

We will ask you to add your bank account details so we can pay you Medicare payments. Have your banking details ready.

You need to give us supporting documents depending on your circumstances. You may need to have your documents translated. If they are not in English we can translate it for free.

For more information in English about what documents you may need, go to **servicesaustralia.gov.au/enrolling-medicare**

If you want to enrol as a family, you need to give us details and identity documents for any children under 15.

If you want to include someone 15 or older, you need to give that person your myGov online application number.

They need the number to give us their details and identity documents to complete their Medicare enrolment. To do this they need their own myGov account.

You can only enrol up to 8 other people in your online application. If you need to enrol more people you need to use the Medicare enrolment form, go to **servicesaustralia.gov.au/ms004**

### Enrolling with a form

You need to complete a Medicare enrolment form, go to **servicesaustralia.gov.au/ms004**

You can either mail or email the completed form and supporting documents to **MES@servicesaustralia.gov.au**. If you email us, include 'Medicare enrolment' in the email subject line.

You need to give us supporting documents depending on your circumstances. You may need to have your documents translated. If they are not in English we can translate it for free.

For more information in English about what documents you may need, go to **servicesaustralia.gov.au/enrolling-medicare**

## Medicare card

You will get a Medicare card in the mail when you are enrolled. We will send it to the address you give us. You can also get a digital copy of your Medicare card. You will need to sign into the Express Plus Medicare mobile app to access it.

For more information in English about the Express Plus Medicare mobile app, go to **servicesaustralia.gov.au/expressplusmedicare**

To use the apps, you need a myGov account linked to your Medicare online account. If you do not have these, set them up and then download the apps.

You need a valid Medicare card to:

- claim Medicare benefits
- visit a doctor who bulk bills
- get treated as a public patient in a public hospital
- get some medicines at a lower cost.

Your Medicare card can also help if you are a private patient getting treatment in a public or private hospital.

We can issue a maximum of 2 cards to a family. If you are 15 or older, you can get your own Medicare card.

If your Medicare card is lost or stolen, you can get a new one using your Medicare online account or the Express Plus Medicare mobile app.

For more information in English, go to **servicesaustralia.gov.au/medicarecard**

## Register your bank account details

We need your bank account details to pay your Medicare benefits to you. If we don't have your details, we'll hold your benefit until you tell us.

You can register your bank account details using:

- your Medicare online account through myGov
- the Express Plus Medicare mobile app.

You need to:

- have your Medicare card and bank account details (BSB, account number and account name) with you when you register
- let us know if your details change.

For more information in English, go to **servicesaustralia.gov.au/medicareservices**

## Claiming

You can claim for health care services for anyone listed on your Medicare card.

Staff at your doctor's office can submit the claim on your behalf if they offer electronic claiming.If your doctor's office cannot submit the claim on your behalf, you can submit a claim:

- using your Medicare online account through myGov
- using the Express Plus Medicare mobile app
- in person at a service centre
- by post by completing a Medicare Claim form (MS014).

You can also claim for someone on another Medicare card if you have paid for the service. You cannot do this online.

To find out more about claiming options in English, go to **servicesaustralia.gov.au/medicareclaiming**

## Reciprocal Health Care Agreements

Medicare does not cover treatment when you go overseas. However, the Australian Government has signed Reciprocal Health Care Agreements (RHCA) with some countries to cover Australians for the cost of essential medical treatment while they are visiting those countries.

Visitors from those countries may also be able to get some health services and cheaper medicines when they are in Australia.

To find out more about the RHCA in English, go to **servicesaustralia.gov.au/rhca**

## Medicare self service

It is easy to do business with us anytime and anywhere. You can do most things quickly and easily without needing to call or visit us.

Use your Medicare online account and Express Plus Medicare mobile app to make a claim, update your personal and bank details or request a replacement or duplicate Medicare card. You can also view immunisation statements and much more.

## Medicare online account

You can register for a Medicare online account through myGov. It is a secure way for you to do your business with Medicare when and where it suits you.

To find out how to register in English, go to **servicesaustralia.gov.au/medicareonline**

## Express Plus Medicare mobile app

You can also do many things using the Express Plus Medicare mobile app. Once you have a Medicare online account, you can download the app from the App Store, Google Play or the Windows Store.

To find out more about the app in English, go to **servicesaustralia.gov.au/expressplus**

## For more information

- Go to **servicesaustralia.gov.au/medicareservices** for more information in English
- Go to **servicesaustralia.gov.au/yourlanguage** where you can read, listen to or watch information in your language
- Call **131 202** to speak with us in your language about Centrelink payments and services
- Call **132 011** for Medicare and **131 272** for Child Support. Let us know if you need an interpreter, and we will arrange one for free
- Visit a service centre.

Note: calls from your home phone to ‘13’ numbers from anywhere in Australia are charged at a fixed rate. That rate may vary from the price of a local call and may also vary between telephone service providers. Calls to ‘1800’ numbers from your home phone are free. Calls from public and mobile phones may be timed and charged at a higher rate.

## Disclaimer

The information contained in this publication is intended only as a guide to payments and services. It is your responsibility to decide if you wish to apply for a payment and to make an application with regard to your particular circumstances.